'समानो मन्त्रः समितिः समानी'

# UNIVERSITY OF NORTH BENGAL

B.A. Major 1st Semester Examination, 2024

## NEPAMAJ101-NEPALI

## नेपाली कविता

Time Allotted: 2 Hours 30 Minutes

Full Marks: 60

*The figures in the margin indicate full marks.*

### समूह-क

1. तलका कुनै ***दसवटा*** प्रश्नका उत्तर एउटा अथवा दुईवटा वाक्यमा लेख्नुहोस् — 2×10 = 20

(क) पहिलो नेपाली कविता कुन हो ? यसका कवि को हुन् ?

(ख) नेपाली भक्ति कविता धारालाई कतिवटा उपधारामा विभक्त गरिएको छ ? के के ?

(ग) कृष्णभक्ति धाराका तीनजना कविका नाम लेख्नुहोस्।

(घ) शृङ्गारिक धाराका प्रवर्तक कसलाई मानिन्छ ? उनका एउटा काव्यकृतिको नाम लेख्नुहोस्।

(ङ) नेपाली साहित्यका त्रिरत्नका नाउँ लेख्नुहोस्।

(च) 'कवि शिरोमणि'को उपाधिद्वारा कुन कवि विभूषित भएका छन् ?

(छ) निर्गुण भक्ति कविता भन्नाले के बुझिन्छ ?

(ज) लक्ष्मीप्रसाद देवकोटाका दुईवटा काव्यकृतिका नाउँ लेख्नुहोस्।

(झ) वैरागी काइँलाको पुरा नाम के हो ?

(ञ) दुईजना प्रयोगवादी कविका नाम लेख्नुहोस्।

(ट) भारतीय नेपाली साहित्यमा जातीय कवि भनेर कसलाई चिनिन्छ ? उनको कुनै एउटा कृतिको नाम लेख्नुहोस्।

(ठ) "कोलम्बसको पाइतालाले टेक्नपाउनु पर्छ यहाँ" कुन कवितामा भनिएको छ ? कवि को हुन् ?

(ड) 'छोरीलाई मानचित्र पठाउँदा' कविताका रचयिता को हुन् ? उनका कुनै एउटा कृतिको नाम लेख्नुहोस्।

(ढ) कवि भानुभक्तका कुनै दुईवटा कृतिका नाम लेख्नुहोस्।

(ण) कवि लक्ष्मीप्रसाद देवकोटाका समकालीन दुईजना कविका नाम लेख्नुहोस्।

### समूह-ख

2. तलका कुनै ***चारवटा*** प्रश्नका उत्तर लेख्नुहोस्। प्रत्येक प्रश्नका उत्तर एकसय पचास शब्दभित्र लेख्नु पर्नेछ — 5×4 = 20

(क) नेपाली वीर कविताका विशेषता।

(ख) भानुभक्त आचार्यको साहित्यिक परिचय।

(ग) 'यात्री' कविताको सार।

(घ) 'छोरीलाई मानचित्र पढाउँदा' कविताको मूलभाव।

(ङ) नेपाली निर्गुण भक्तिधारा।

(च) 'पृथ्वीनारायण' कविताको विशेषता।

(छ) कविताका प्रकार।

**समूह-ग**

3. तलका कुनै ***दुईवटा*** प्रश्नका उत्तर लेख्नुहोस्। प्रत्येक प्रश्नका उत्तर तीन सय शब्दभित्र हुनुपर्छ —— $10 \times 2 = 20$

(क) कविताका तत्त्वबारे सविस्तार चर्चा गर्नुहोस्।

(ख) अगमसिंह गिरीको परिचय दिँदै 'छोरोलाई' कविताको केन्द्रीय भाव स्पष्ट पार्नुहोस्।

(ग) कविताका तत्त्वका आधारमा 'पिञ्जराको सुगा' कविताको चर्चा गर्नुहोस्।

(घ) कविका रूपमा वैरागी काइँलाको परिचय दिँदै 'मातेको मान्छेको भाषण : मध्यरातपछिको सडकसित' कविताको विश्लेषण गर्नुहोस्।

——×——